# प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७८

प्रस्तावनाः नेपालको संविधानको धारा १७६ को उपधारा (२) बमोजिम कायम रहेका निर्वाचन क्षेत्रको भौतिक, आर्थिक, सामाजिक र मानवीय पूर्वाधार विकासमा टेवा पुऱ्याउन स्थानीय पूर्वाधार विकास कार्यक्रमलाई विश्वसनीय, प्रभावकारी, पारदर्शी, जवाफदेही एवम् कार्यन्वयनयोग्य बनाउन वान्छनीय भएकोले,

प्रदेश सरकार, मन्त्रिपरिषद्ले प्रदेश विनियोजन ऐन, २०७८ ले दिएको अधिकार प्रयोग गरी देहायका कार्यविधि बनाएको छ।

१. सङ्क्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७८" रहेकोछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उपभोक्ता समिति" भन्नाले स्थानीय तहमा सञ्चालन हुने आयोजना/कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्न आयोजना/कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरु मध्येबाट प्रचलित कानून बमोजिम गठित उपभोक्ता समिति सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम र निर्वाचन क्षेत्र विशेष कार्यक्रमलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले गाँउ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १ सम्झनु पर्छ।

(ङ) "प्रदेश सभा सदस्य" भन्नाले निर्वाचन क्षेत्रमा आयोजना/कार्यक्रम छनौट, सञ्चालन र व्यवस्थापन गर्ने प्रदेश सभा निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअनुसार निर्वाचित प्रदेश सभा सदस्य र समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभा सदस्य सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले गाँउपालिका वा नगरपालिका सम्झनु पर्छ। सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ।

३. कार्यक्रमको क्षेत्रः (१) यस कार्यविधि बमोजिम देहायका सार्वजनिक उपयोगसँग सम्वन्धित आयोजना/कार्यक्रमहरु सञ्चालन गरिनेछः

(क) नदी, गल्छी तथा पहिरो नियन्त्रण एवम् सिंचाई सम्वन्धी आयोजना/कार्यक्रम,

(ख) सडक निर्माण तथा स्तरोन्नति (सडक, सडक पुल, झोलुङ्गे पुल, कल्भर्ट, ढल, काठेपुल निर्माण) सम्बन्धी आयोजना/कार्यक्रम,

(ग) खानेपानी तथा सरसफाई, फोहरमैला व्यवस्थापन तथा ल्याण्डफिल्ड साईट निर्माण आयोजना/कार्यक्रम,

(घ) ऐतिहासिक, सौंस्कृतिक, साहित्य, कला एवम् पुरातात्विक/पर्यटकीय स्थलको संरक्षण, जीर्णोद्धार तथा निर्माण आयोजना/कार्यक्रम,

(ङ) नवीकरणीय उर्जा, लघु-जलविद्युत तथा विद्युतीकरण सम्बन्धी आयोजना/कार्यक्रम,

(च) स्वास्थ्य चौकी, प्रसुती भवन, बाल बिकास केन्द्र, दलित ,विपन्न एवम् भूमिहीन अपाङ्गता भएका नागरिकहरुको लागि आवास भवन, बृद्धाश्रम, अनाथालय तथा पुर्नस्थापना केन्द्र निर्माण सम्बन्धी आयोजना/कार्यक्रम,

(छ) कृषि उपज सङ्कलन केन्द्र निर्माण तथा कृषि एवम् पशुपंक्षी हाट बजार व्यवस्थापन सम्बन्धी पूर्वाधार आयोजना/कार्यक्रम,

(ज) उद्योग तथा पर्यटन प्रवर्द्धन सम्बन्धी पूर्वाधार आयोजना/कार्यक्रम,

(झ) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकाससम्बन्धी आयोजना/कार्यक्रम,

(ञ) आधुनिक शिक्षा, प्राविधिक शिक्षा एवम् जनउपयोगी शिक्षा, आधारभूत एवम् उच्च शिक्षा सम्बन्धी पूर्वाधार आयोजना/कार्यक्रम,

(ट) सार्वजनिक उद्यान तथा सभागृह निर्माणसम्बन्धी आयोजना/कार्यक्रम,

(ठ) गैर नाफामूलक सङ्घ संस्थाहरुको सामुदायिक संरचना तथा पूर्वाधार सम्बन्धी आयोजना/कार्यक्रम,

(ड) बिपद् व्यवस्थापन लगायतका आधारभूत आवश्यकतालाई सम्बोधन गर्ने सम्बन्धी पूर्वाधार आयोजना/कार्यक्रम,

(ढ) विपन्न वर्ग लक्षित क्षमता विकास सम्बन्धी कार्यक्रम,

(ण) माहामारीजन्य रोग र प्रकोप नियन्त्रण व्यवस्थापन सम्बन्धी कार्यक्रम,

४. <u>कार्यक्रम छनौटका शर्तः</u> (१) संघ, प्रदेश र स्थानीय सरकारका कार्यक्रमसँग दोहोरो पर्ने गरी आयोजना/कार्यक्रम छनौट गर्न पाइने छैन।

कानून अधिकृत

प्रदेश सचिव

सचिव

(२) प्रत्यक्ष निर्वाचित भएको प्रदेश सभा सदस्यले आफ्नो निर्वाचन क्षेत्र र समानुपातिक प्रदेश सभा सदस्यले आफुले रोजेको जिल्ला भन्दा बाहिरका निर्वाचन क्षेत्र वा जिल्लाका लागि कार्यक्रम छनौट गर्न पाइने छैन।

(३) छनौट गरिएका आयोजना/कार्यक्रम जिल्ला समन्वय समितिको कार्यालयले मन्त्रालयमा पेश गरेपछि सोको जानकारी सम्बन्धित प्रदेश सभा सदस्य र जिल्लाका सम्बन्धित सबै स्थानीय तहलाई गराउनु पर्नेछ।

५. <u>कार्यक्रम छनौट</u>: (१) प्रदेश सभा सदस्यले दफा ३ बमोजिमका क्षेत्रहरु मध्येबाट यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजना/कार्यक्रम छनौट गर्नु पर्नेछ।

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभा सदस्यले आफ्नो निर्वाचन क्षेत्रमा कार्यान्वयन हुने एक करोड सम्मका आयोजना/कार्यक्रम छनौट गर्नु पर्नेछ।

(३) समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने प्रदेश सभा सदस्यले आयोजना कार्यक्रम/सञ्चालन गर्नको लागि कुनै एक जिल्ला रोज्नु पर्नेछ।

(४) समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभा सदस्यले उपदफा (३) बमोजिम रोजेको जिल्लामा कार्यान्वयन हुने पचास लाख सम्मका आयोजना/कार्यक्रम छनौट गर्नुपर्नेछ।

(५) उपदफा (२) र (४) बमोजिम आयोजना/कार्यक्रम छनौट गर्न, कार्यान्वयन गर्न र प्रशासनिक व्यवस्थापन गर्न जिल्ला समन्वय समितिको कार्यालय सचिवालयको रुपमा रहने छ र जिल्ला समन्वय अधिकारी सचिवको रुपमा रहने छ।

(६) जिल्ला समन्वय समितिको कार्यालयले कार्यान्वयनका लागि छनौट भएका आयोजना/कार्यक्रम एक आर्थिक बर्षमा सम्पन्न गर्न सकिने गरी अनुसूची-१ बमोजिम कार्यान्वयन तालिका सहित सम्बन्धित स्थानीय तहमा पौष मसान्त भित्रमा पठाई सक्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिम आयोजना/कार्यक्रम छनौट गर्दा देहायका आयोजना/कार्यक्रमलाई समेत प्राथमिकता दिनु पर्नेछ:

(क) स्थानीय तहको आवधिक विकास योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धी आयोजना/कार्यक्रम,

(ख) श्रममा आधारित रोजगारी सिर्जना गर्ने किसिमका पूर्वाधार सम्बन्धी आयोजना/कार्यक्रम,

(ग) अपेक्षाकृत बढी जनसहभागिता हुने पूर्वाधार सम्बन्धी आयोजना/कार्यक्रम,

(घ) विपद्बाट क्षति भएको वा हुन सक्ने समस्यालाई सम्बोधन गर्ने पूर्व तयारी र जोखिम न्यूनिकरण गर्ने पूर्वाधार सम्बन्धी आयोजना/कार्यक्रम,

सचिव

(ङ) साविकको स्थानीय निकाय, स्थानीय तह, साविकको जिल्ला विकास समिति, विषयगत कार्यालय तथा समुदायद्वारा सञ्चालित अधुरा रहेका पूर्वाधार विकास सम्वन्धी आयोजना/कार्यक्रम।

(८) अन्य निकायहरु सँगको साझेदारीमा आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा आयोजना/कार्यक्रम स्थल, लागत, विनियोजित बजेट, उपभोक्ता समिति वा निर्माण व्यवसायीको नामसमेत खुल्ने गरी सोको जानकारी सम्वन्धित आयोजना/कार्यक्रम स्थल, कार्यालयको सूचनापाटी तथा वेभसाईटमा राख्नु पर्नेछ।

(९) दफा ३ को उपदफा (१) को खण्ड (क) देखी (ङ) सम्मको पूर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रम छनौट गर्दा पाँच लाख रुपैयाँ भन्दा कम नहुने गरी छनौट गर्नु पर्नेछ।

(१०) विपन्न लक्षित क्षमता विकास सम्वन्धी, माहामारीजन्य रोग र प्रकोप नियन्त्रण व्यवस्थापन सम्बन्धी, खेलकुद तथा सांस्कृतिक विकास सम्बन्धि, जनचेतनामुलक, सहकारी एवं सञ्चार सम्वन्धि आयोजना/कार्यक्रमहरुमा अधिकतम पन्ध्र लाख सम्म विनियोजन गर्न सकिनेछ, जसमा एक लाख रुपैयाँ भन्दा कम नहुने गरी बढीमा दस वटा सम्म कार्यक्रमहरु छनौट गर्न सकिने छ।

(११) उपदफा (१०) बमोजिमका कार्यक्रमहरु सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा समेत गर्न सकिनेछ।

(१२) यस कार्यविधि अन्तर्गत रही छनौट भएका आयोजना/कार्यक्रम सोही आर्थिक वर्षमा सम्पन्न गर्नुपर्नेछ भने एकपटक छनौट भई सकेको आयोजना/कार्यक्रम संशोधन गर्न पाइने छैन।

(१३) यस कार्यविधि बमोजिम मन्त्रालयमा आयोजना/कार्यक्रम छनौटको विवरण उपलब्ध गराउने जिम्मेवारी जिल्ला समन्वय अधिकारीको हुनेछ।

६. <u>कार्यक्रममा साझेदारी गर्न सकिने</u>: (१) कार्यक्रमबाट कार्यान्वयन हुने आयोजना/कार्यक्रममा सम्वन्धित स्थानीय तहले आफ्नो मिल्दो कार्यक्रमबाट साझेदारी गर्न सक्नेछ।

(२) यस कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत् कार्यान्वयन गरिने आयोजना/कार्यक्रमा उपभोक्ता समितिले कम्तिमा दस प्रतिशत रकम योगदान गर्नु पर्नेछ।

(३) कार्यालयले उपदफा (१) र (२) बमोजिमको रकम समेत समावेश गरी आयोजना/कार्यक्रमको कूल लागत अनुमान तयार गर्नु पर्नेछ।

७. <u>कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन</u>: (१) जिल्ला समन्वय समितिको कार्यालयले यस कार्यविधि बमोजिम छनौट भई आएका आयोजना/कार्यक्रमको विवरण अनुसूची २ बमोजिमको ढाँचामा मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) जिल्ला समन्वय समितिको कार्यालयले उपदफा (१) बमोजिम छनौट भएका आयोजना/कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्न सम्वन्धित स्थानीय तहमा लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका आयोजना/कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

(४) स्थानीय तहले उपदफा (२) बमोजिम सञ्चालन हुने आयोजना/कार्यक्रम प्रचलित कानून तथा सम्बन्धित स्थानीय तहको आफ्नो कानून बमोजिम सञ्चालन, कार्यान्वयन, अनुगमन, प्राविधिक मुल्यांकन, सुपरिवेक्षण, जाँचपास तथा फरफारक समेत गर्नु पर्नेछ।

(५) दफा ५ बमोजिम आयोजना/कार्यक्रम छनौट गर्दा एक भन्दा बढी स्थानीय तहमा कार्यान्वयन हुने प्रकृतिका आयोजना/कार्यक्रम छनौट भएको हकमा त्यस्तो आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको नामसमेत तोकी पठाउनु पर्नेछ।

(६) उपदफा (२) बमोजिम छनौट भई आएका आयोजना/कार्यक्रम सम्वन्धित स्थानीय तहले कार्यान्वयन नगरेमा प्रदेश सरकारबाट दिइने अनुदान कटौती गर्न सकिनेछ।

८. <u>रकम निकासासम्बन्धी व्यवस्था</u>: (१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गरी स्वीकृत रकम प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत् सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा हुने गरी वित्तीय हस्तान्तरण हुने व्यवस्था मन्त्रालयले मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वित्तीय हस्तान्तरण गर्दा प्रचलित कानूनबमोजिम पेश गर्नु पर्ने खर्चको विवरण वा वित्तीय प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा पठाउने जिम्मेबारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(३) प्रदेश सभा सदस्यले दफा ५ बमोजिम छनौट गरीएका आयोजना/कार्यक्रममा विनियोजित बजेट चालु आर्थिक वर्षको अन्त्य सम्ममा खर्च नभई बचत भएमा प्रचलित विनियोजन ऐन बमोजिम सम्बन्धित स्थानीय तहले प्रदेश संचित कोषमा फिर्ता गर्नु पर्नेछ।

(४) प्रदेश सभा सदस्यले दफा ५ बमोजिम आयोजना/कार्यक्रम छनौट गरी पेश गरिसकेपछि प्रदेश सभाका सदस्यको कार्यकाल समाप्त भएमा वा निज प्रदेश सभा सदस्य आफ्नो पदमा बहाल नरहेमा पनि आयोजना/कार्यक्रम कार्यान्वयन तथा रकम निकासा गर्न कुनै बाधा पर्ने छैन।

९. <u>सुपरिवेक्षण तथा अनुगमन</u>: (१) यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने आयोजना/कार्यक्रमहरुको सुपरिवेक्षण तथा अनुगमन सम्बन्धित स्थानीय तहमा रहेको आयोजना/कार्यक्रम अनुगमन तथा मुल्यांकन समितिले गर्नेछ।

सचिव

सचिव

(२) यस कार्यविधि बमोजिम छनौट भई कार्यान्वयन गरिने आयोजना/कार्यक्रम सम्वन्धित प्रदेश सभा सदस्य, मन्त्रालय तथा जिल्ला समन्वय समितिको कार्यालयले अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले एक आर्थिक वर्षमा कम्तिमा एक पटक अनुगमन गरी सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र जिल्ला समन्वय समितिको कार्यालयलाई दिनु पर्नेछ र जिल्ला समन्वय समितिको कार्यालयले आयोजना/कार्यक्रम सञ्चालन भएका जिल्लाका सबै स्थानीय तहबाट प्राप्त प्रतिवेदनहरु संकलन गरी आफ्नो रायसमेत समावेश गरी पन्ध्र दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) कुनै आयोजना/कार्यक्रम कार्यान्वयनको सम्वन्धमा समय, लागत र गुणस्तरसम्बन्धी कुनै प्रश्न उठेमा जिल्ला समन्वय समितको कार्यालयले सो सम्वन्धमा अनुगमन र जाँचवुझको लागि छुट्टै विशेष अनुगमन टोली गठन गर्न सक्नेछ।

(५) प्रदेश सरकारले गठन गरेको अधिकार सम्पन्न अनुगमन समितिले समेत यस कार्यविधि वमोजिम सञ्चालन हुने आयोजना/कार्यक्रमको अनुगमन निरिक्षण गरी सम्वन्धित समितिका संयोजक, सम्वन्धित स्थानिय तह वा मन्त्रालयलाई आवश्यक सुझाव दिन सक्नेछ।

(६) उपदफा (२) बमोजिम गरिने अनुगमनका सन्दर्भमा दिईएको सुझावहरु कार्यान्वियन गर्नु सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी तथा स्थानीय तहको कर्तव्य हुनेछ।

१०. <u>लेखा तथा लेखापरीक्षण</u>ः (१) दफा ८ को उपदफा (१) बमोजिम वित्तीय हस्तान्तरण भएको रकमको यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयनको लागि प्रदेश सरकारबाट हस्तान्तरण गरिने अनुदान रकमको निकासा तथा खर्च सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी सम्वन्धित स्थानीय तहको हुनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त रकमको आन्तरिक र अन्तिम लेखापरीक्षण सम्वन्धित स्थानीय तहले प्रचलित कानूनबमोजिम गर्नु, गराउनु पर्नेछ।

११. <u>आयोजना/कार्यक्रमको सम्झौता, पेश्की, प्राविधिक मुल्याङ्कन, जाँचपास र फरफारक</u>ः(१) उपभोक्ता समितिमार्फत सञ्चालन भएका आयोजना/कार्यक्रमको हकमा सम्वन्धित उपभोक्ता समितिले खर्चको बील भौचर सहितको विवरण र ठेक्काबाट भएकाको हकमा ठेक्का बील सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण प्राप्त भएमा सम्वन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले जाँचपासको लागि प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामको सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम खटिएको कर्मचारीले बजेट अनुसार काम भए नभएको स्पष्ट खुलाई प्रतिवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनबाट बजेट अनुसारको काम भएको भन्ने देखिन आएमा स्थानीय तहको जाँचपास समितिले त्यस्तो कामको आवश्यक जाँचबुझ गरी सकेसम्म छिटो जाँचपास गरी दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम जाँचपास समितिले जाँचपास गरिसकेपछि सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानूनबमोजिम त्यस्तो कामको हिसाब फरफारक गरी सोको विवरण तत्काल सार्वजनिक गर्नु पर्नेछ।

१२. <u>कार्यक्रमको प्रशासनिक खर्चसम्बन्धी व्यवस्था</u>: (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजना/कार्यक्रमको छनौट गर्न, अनुगमन गर्न, आयोजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न, प्रतिवेदन तयार गर्न, प्रशासनिक र प्राविधिक विषयमा खर्च गर्न मन्त्रालयले सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयलाई कन्टेन्जेन्सी बापत दफा ५(२) र दफा ५(४)बमोजिमको रकमको एक प्रतिशत रकम उपलब्ध गराइने छ।

(२) प्रदेश सभा सदस्यले छनौट भएका आयोजना/कार्यक्रम सञ्चालनमा रेखदेख गर्ने, सहजिकरण गर्ने, सम्बन्धित स्थानीय तह र त्यस्तो स्थानीय तहबाट तोकिएको प्राविधिकसँग समन्वय लगायतको कार्यमा खर्च गर्ने गरी प्रदेश सभा सदस्यले कानून बमोजिम नियुक्त गरेको प्रतिनिधिलाई कन्टेन्जेन्सी बापत दफा ५(२) र दफा ५(४) बमोजिमको रकमको शुन्य दशमलव पाँच प्रतिशत रकम उपलब्ध गराइने छ।

(३) उपदफा (२) बमोजिमको प्रदेश सभा सदस्यको प्रतिनिधिले पाउने कन्टेन्जेन्सी बापतको रकम सम्बन्धित जिल्ला समन्वय समितिमा पठाइने छ र उक्त जिल्ला समन्वय समितिबाट सो रकम बुझिलिनु पर्नेछ।

(४) सम्बन्धित स्थानीय तहले पूर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रम सञ्चालनका लागि प्राप्त रकमको बढिमा एक दशमलव पाँच प्रतिशत सम्म कन्टेन्जेन्सी बापत खर्च गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको कन्टेन्जेन्सी रकमबाट सम्बन्धित स्थानिय तहले लागत इस्टिमेट तयार गर्न, मुल्याङ्कन गर्न, अनुगमन गर्न, फरफारक गरी भुक्तानी दिने लगायतको कार्यमा रकम खर्च गर्न सक्ने छ।

१३. <u>कार्यक्रमको प्रतिवेदन तथा प्रगति समीक्षा</u>: (१) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले संचालित कार्यक्रमको प्रगति प्रतिवेदन प्रत्येक चौमासिक अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र जिल्ला समन्वय समितिको कार्यालयमा पठाउनु पर्नेछ र जिल्ला समन्वय समितिको कार्यालयले सोको जानकारी मन्त्रालय समक्ष गराउनु पर्नेछ।

(२) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित स्थानीय तहको नियमित समीक्षा बैठकमा उपदफा (१) बमोजिमको प्रगति विवरण पेश गरी समीक्षा गर्नु पर्नेछ।

१४. मन्त्रालयले निर्देशन दिन सक्ने: यस कार्यविधि बमोजिम सञ्चालन गरिने आयोजना/कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि मन्त्रालयले अनुगमन मुल्यांकन गरी आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित जिल्ला समन्वय समितिको कार्यालय तथा स्थानीय तहको कर्तव्य हुनेछ।

१५. अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने: मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ।

१६. प्रचलित कानून बमोजिम हुने: प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकुल नहुने हदसम्म यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित अन्य कानून बमोजिम हुनेछ।

१७. संशोधन वा खारेजी: यस कार्यविधिलाई प्रदेश सरकारले आवश्यकता अनुसार संशोधन वा खारेज गर्न सक्नेछ।

कानून अधिकृत

प्रदेश सचिव

प्रमुख सचिव

अनुसूची-१

(दफा ५ को उपदफा (६) सँग सम्बन्धित)

कार्यक्रम कार्यान्वयन तालिका

सम्बन्धित स्थानीय तहमा पठाउने विवरण

| सञ्चालन हुने आयोजना/कार्यक्रमको विवरण | कार्यक्रमको क्षेत्र (दफा ३ को उपदफा (१) बमोजिमको क्षेत्र) | आयोजना/कार्यक्रम कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह | आयोजना/कार्यक्रम कार्यक्रम सञ्चालन हुने गा.पा./न.पा/वडा नं./ टोल | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | सहभागिबाट व्यहोर्ने रकम रु. | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कार्यक्रमबाट | प्रदेश स्तरबाट | स्थानीय तहबाट | | |
| | | | | | | | | | | | |

कानून अधिकृत

प्रदेश सचिव

प्रमुख सचिव

अनुसूची २

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

जिल्ला समन्वय अधिकारीले मन्त्रालयमा पठाउनु पर्ने विवरण

जिल्ला: प्रदेश निर्वाचन क्षेत्र: आर्थिक वर्ष:

| क्र सं | सञ्चालन हुने | | | | बिनियोजित रकम |
|---|---|---|---|---|---|
| | कार्यक्रमको नाम | स्थानीय तहको नाम | टोल | वडा नं | |
| १ | | ..... पालिका | | | |
| २ | | ..... पालिका | | | |
| ३ | | ..... पालिका | | | |
| ४ | | ..... पालिका | | | |
| ५ | | ..... पालिका | | | |
| ६ | | ..... पालिका | | | |
| ७ | | ..... पालिका | | | |
| ८ | | ..... पालिका | | | |
| ९ | | ..... पालिका | | | |
| १० | दफा १२ को उपदफा (१) बमोजिम जिल्ला समन्वय समितिले प्राप्त गर्ने प्रशासनिक खर्च | | | | |
| ११ | दफा १२ को उपदफा (२) बमोजिम प्रदेश सभा सदस्यको प्रतिनिधिले प्राप्त गर्ने प्रशासनिक खर्च | | | | |
| | जम्मा | | | | |

जिल्ला समन्वय अधिकारी

कानून अधिकृत प्रदेश सचिव प्रमुख सचिव